## गाउँ कार्यपालिका बैठक

### बैठक नं. ९०

आज मिति २०७९ साल माघ ९ गते सोमबारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावमाथि छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | |
| श्री सावित्रा कोइराला | उपाध्यक्ष | |
| श्री कृष्ण बहादुर लामिछाने | १ नं. वडाध्यक्ष | |
| श्री खगीसरा आले | २ नं. वडाध्यक्ष | |
| श्री देवेन्द्र कुमार थापा | ३ नं. वडाध्यक्ष | |
| श्री यादव प्रसाद पाण्डेय | ४ नं. वडाध्यक्ष | |
| श्री रुक बहादुर थापा | ५ नं. वडाध्यक्ष | |
| श्री सुन्दर प्रसाद अधिकारी | ६ नं. वडाध्यक्ष | |
| श्री उम प्रसाद भट्टराई | ७ नं. वडाध्यक्ष | |
| श्री हुमा देवी सार्की | कार्यपालिका सदस्य | |
| श्री टिकीसरा भट्टराई | कार्यपालिका सदस्य | |
| श्री दीपा सिजाली | कार्यपालिका सदस्य | |
| श्री रुपमाया राना | कार्यपालिका सदस्य | |
| श्री लोक बहादुर सुनार | कार्यपालिका सदस्य | |
| श्री प्रेम बहादुर बोटे | कार्यपालिका सदस्य | |
| श्री देवेन्द्र पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत | |
| श्री हिरामणी पाण्डे | अधिकृत छैठौं (प्रशासन) | |

## प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव पेश गर्ने समिति/शाखा/पदाधिकारी | प्रस्तावको विषय | निर्णय |
|---|---|---|---|
| १ | | खानेपानीको मूल दर्ता गर्ने सम्बन्धमा । | १. गाउँपालिकाभित्र सञ्चालित खानेपानी योजनाहरुको खानेपानीको मूल दर्ता गर्ने सम्बन्धमा सम्बन्धित खानेपानी समितिको निर्णय तथा वडा कार्यालयको सिफारिश बमोजिम मूल दर्ता गर्ने । |
| २ | | अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्बन्धमा । | १. चौथो संस्करणको अध्यक्ष कप खेलकुद प्रतियोगिता (वडास्तरीय) मिति २०७९ फाल्गुण ८-१० सम्म सञ्चालन गर्ने ।<br><br>खेलकुद प्रतियोगिता संयोजन समिति:-<br>गाउँपालिका उपाध्यक्ष--------------संयोजक<br>वडाध्यक्ष, सम्पूर्ण वडाहरु------------सदस्य<br>प्रमुख प्रशासकीय अधिकृत...............सदस्य सचिव<br><br>खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरु:-<br>क. भलिबल (महिला/पुरुष)<br>ख. फुटबल (महिला/पुरुष)<br>ग. क्रिकेट (पुरुष)<br>घ. ब्याडमिन्टन (महिला/पुरुष)<br>ङ. टेवल टेनिस (महिला/पुरुष)<br>च. एथलेटिक्स (महिला/पुरुष) |
| ३ | प्रशासन शाखा | LISA र FRA को नतीजा सार्वजनिक गर्ने सम्बन्धमा । | १. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनका लागि प्राप्त भएको जम्मा प्राप्तांक ६८.७५ प्रतिशत र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा प्राप्त भएको जम्मा प्राप्तांक ८९.५ लाई स्वीकृत गरी सार्वजनिक गर्ने । |
| ४ | प्राविधिक शाखा | झोलुङ्गे पुलको योजना माग सम्बन्धमा | १. यस गाउँपालिकाभित्र तथा अन्य स्थानीय तह जोड्ने निम्न झोलुङ्गे पुल निर्माणका लागि आवश्यकता बमोजिम सम्बन्धित निकायमा माग गर्ने ।<br>क. निरामशिल कोलडाँडा पुछार झोलुङ्गे पुल<br>ख. मिर्मि-हर्मिचौर झोलुङ्गे पुल<br>ग. मिर्मि-मोहनडाँडा झोलुङ्गे पुल<br>घ. बिर्घा कुलुम-पाहाँदी झोलुङ्गे पुल<br>ङ. लेते खोला झोलुङ्गे पुल<br>च. मिजारडाँडा-अर्दुंगा झोलुङ्गे पुल |
| | | आर्थिक सहायता | १. ३ नं. वडा कार्यालयको मिति २०७९/८/१९ च.नं. ३३१ बाट सिफारिश भै आएका शेषकान्त पाण्डेय (ना.प्र.नं. ४२३०२५/१६७) लाई फोक्सोको उपचारका लागि रु १५,०००।- (पन्ध्र हजार मात्र) |